## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ७ (गोदावरी) संख्या : ९६ मिति : २०८०/१२/०२

**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर कार्यपालिकाबाट पारित मिति :२०८०/११/३०**

**प्रमाणीकरण मिति :२०८०/१२/०१**

## गोदावरी नगरपालिकाको
## शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ (दोस्रो संशोधन)

| **साविकको व्यवस्था** | | **संशोधित गरिएको व्यवस्था** | |
|---|---|---|---|
| **दफा** | **विवरण** | **दफा** | **विवरण** |
| २ | (५) **"शिक्षक"** भन्नाले बाल विकास देखि कक्षा १२ सम्म अध्यापन गर्ने सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई सम्झनुपर्नेछ । र यस पूर्व निजी स्रोतमा नियुक्त शिक्षक समेतलाई सम्झनुपर्नेछ । | २ | दफा २ को उपदफा (५) मा "सम्झनुपर्नेछ" पछिको वाक्यांश हटाइएको । |
| २ | (८) **"छनौट समिति"** भन्नाले नगर शिक्षा ऐन, २०७५ अनुसार विद्यालय शिक्षक कर्मचारी छनौट गर्न गठित समितिलाई सम्झनुपर्छ । | २ | दफा २ को उपदफा (८ ) को सट्टा " शिक्षक छनौट समिति भन्नाले शिक्षा नियमावली,२०५९ बमोजिमको शिक्षक छनौट समितिलाई सम्झनुपर्छ " भन्ने वाक्यांश राखिएको । |
| २ | (९) **नगर शिक्षक** भन्नाले यो कार्यविधि लागू हुनु पूर्व सामुदायिक विद्यालयहरुमा प्रक्रिया पुऱ्याई नियुक्ति गरेका निजी स्रोतका शिक्षकलाई | २ | दफा २ को उपदफा (९) को सट्टा " नगर शिक्षक |

| | | | |
|---|---|---|---|
| | सम्झनुपर्छ। | | भन्नाले यस कार्यविधि बमोजिम नगर शिक्षकको रुपमा नियुक्त शिक्षक सम्झनुपर्छ" भन्ने वाक्यांश राखिएको । |
| ३ | (३) शिक्षक सेवा आयोग नियमावली, २०७७ (संसोधन सहित) | ३ | दफा ३ को उपदफा (३) मा "२०७७" को सट्टा "२०५७" राखिएको। |
| ३ | (४) उप बुँदा (१) बमोजिम दायरा भित्र देहायका क्षेत्रमा यो कार्यविधि क्रियाशिल रहनेछ।<br>(क) प्रारम्भिक बालविकास केन्द्र र शिक्षक व्यवस्थापन,<br>(ख) कक्षा (१-१२) सम्मको शिक्षक दरबन्दी मिलान एवं समायोजन,<br>(ग) विद्यालयको प्रशासनिक नेतृत्व व्यवस्थापन,<br>(घ) विद्यालय गाभ्ने, कक्षा र तह व्यवस्थापन,<br>(४) यस कार्यविधिको उपबुँदा (३) अन्तर्गत क, ख, ग र घ क्षेत्रहरुसंग सम्बन्धित विषयमा भएका कानुनी व्यवस्थाहरुको स्वामित्व नगर कार्यपालिकामा हुनेछ। | ३ | दफा ३ को दुवै उपदफा (४) हटाइएको । |
| ६ | (१) यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रिक्त हुन जाने करार शिक्षक, कर्मचारी अस्थायी, राहत, अनुदान प्राप्त शिक्षक तथा कर्मचारी) हरुको छनौट तथा सिफारिस प्रक्रिया अनुसूची-१ बमोजिम हुनेछ । छनोट समितिका सदस्यहरुले आवश्यकता अनुसार प्रशासनिक र प्राविधिक दुवै प्रकृतिका कार्य गर्न सक्नेछन्। | ६ | दफा ६ को उपदफा (१) मा "करार शिक्षक,कर्मचारी,अस्थायी,राहत,अनुदान प्राप्त शिक्षक तथा कर्मचारी) हरुको" सट्टा "शिक्षकको " राखिएको । |
| ६ | (३) रिक्त रहेका पदहरुमा चैत्र र असोज महिनामा वर्षको दुई पटक विज्ञापन गरिनेछ। तर प्रतिक्षा सूचीमा नभएको अवस्था र शिक्षक नियुक्ति गर्नुपरेमा जुनसुकै बखत पनि विज्ञापन गर्न बाधा पुगेको मानिने छैन।<br>(४) यो कार्यविधि पारित भै सकेपछिको पहिलो विज्ञापनका लागि यसै बुँदाको उपबुँदा (३) ले बाधा पारेको मानिने छैन। | ६ | दफा ६ को उपदफा (३) र (४) हटाइएको । |
| ६ | (६) अनुदान प्राप्त शिक्षकको हकमा विद्यालयहरुबाट विषयगत र तहगत शिक्षकको माग भै आए पश्चात विषयगत संख्या यकिन गरी सम्बन्धीत विद्यालयलाई विज्ञापनका लागि अनुमती दिईनेछ। | ६ | दफा ६ को उपदफा (६) को सट्टा "नगर शिक्षकको रुपमा यस कार्यविधि बमोजिम अनुदान प्राप्त भइ विद्यालयमा शिक्षक पद रिक्त भएको अवस्थामा आवश्यकताका आधारमा सोही विद्यालयमा वा शिक्षक आवश्यक भएको अन्य विद्यालयमा नगरपालिकाले नगर शिक्षक पदपूर्तिका लागि अनुमति दिनेछ" भन्ने वाक्यांश राखिएको । |

| | | | |
|---|---|---|---|
| ६ | (७) विज्ञान गणित विषयमा अध्यापन अनुमति पत्रका उम्मेदवारहरुको आवेदन प्राप्त नभएमा सिंगल दस्तुरको मात्र सात दिने सूचना प्रकाशित गरी अनुमति पत्र नभएकाहरुलाई पनि आवेदनको अवसर प्रदान गरिनेछ। | ६ | दफा ६ को उपदफा (७) हटाइएको । |
| ६ | (८) विद्यालयलाई प्राप्त अनुदान शिक्षकको संख्या अनुसूची-२ बमोजिमको प्राथमिकताका आधारमा प्रदान गरिनेछ। | ६ | दफा ६ को उपदफा (८) को सट्टा " विद्यालयमा रहने शिक्षकको संख्या अनुसूची-२ बमोजिमको प्राथमिकताका आधारमा हुनेछ " भन्ने वाक्यांश राखिएको । |
| ६ | (९) प्रत्येक वर्षको एक (१) अंकका दरले अन्तरवार्तामा अनुभव बापत बढीमा दश अंक उपबुँदा (६) बमोजमका प्रतिस्पर्धीलाई मात्र प्रदान गरिनेछ। अंक प्राप्त गर्नका लागि सम्बन्धित तहमा विद्यालयले प्रदान गरेको नियुक्तिको प्रमाणित प्रतिलिपि र सेवा निरन्तरताको प्रमाण(पत्र पेश गर्नुपर्नेछ। | ६ | दफा ६ को उपदफा (९) हटाइएको । |
| ६ | (१२) विषयवस्तुको प्रकृति अनुसार स्थानीय तहमा उपलब्ध हुन नसकेमा बाहिरका उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाबाट विषय विज्ञको समेत सेवा लिन सकिनेछ। | ६ | दफा ६ को उपदफा (१२) मा उल्लेखित भएको व्यहोराको सट्टा " विषय विज्ञको सेवा स्थानीय तहबाट हुन नसकेमा जिल्ला भित्रका सूचीकृत विषय विज्ञबाट विशेषज्ञ सेवा लिन सकिनेछ" भन्ने वाक्यांश राखिएको । |
| ६ | (१३) यसरी नियुक्त शिक्षकले विद्यालयमा हाजिर भएको मितिदेखि तोकिए बमोजिमको पारिश्रमिक प्राप्त गर्नेछन्, त्यस्तो पारिश्रमीक विद्यालय व्यवस्थापन कोषबाट उपलब्ध गराईनेछ।<br>(१५) सफल उम्मेदवार र वैकल्पिक उम्मेदवारको नामावली संगसंगै योग्यताक्रमको प्रतिक्षा सूचीसमेत प्रकाशित हुनेछ र छनोट समितिले सम्बन्धित तह र विषयको अर्को विज्ञापन नगर्दासम्म सोही योग्यताक्रम भित्र रहेका उम्मेदवारले विद्यालयमा करार नियुक्तिको अवसर पाउनेछन्। | ६ | दफा ६ को उपदफा (१३) र (१५) हटाइएको । |
| ९ | (७) विद्यालयमा हाल आन्तरिक स्रोतमा (निजी) कार्यरत शिक्षकहरुको व्यवस्थापनका लागि निश्चित आधारहरु तयार गरी विद्यालय शिक्षक, कर्मचारीलाई अनुसुची ७ मा उल्लेखित मापदण्ड बमोजम अनुदान उपलब्ध गराइनेछ। | ९ | दफा ९ को उपदफा (७) हटाइएको । |
| ९ | (१०) नगर शिक्षकलाई अनुसूची ८ मा व्यवस्था भए बमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ। | ९ | दफा ९ को उपदफा (१०) मा " अनुसूची ८ को सट्टा अनुसूची ९" राखिएको । "नगरपालिकाले आन्तरिक स्रोतका आधारमा नगर शिक्षकको सेवा सुविधा थप गर्न सक्नेछ" भन्ने वाक्यांश थपिएको । |
| ९ | (११) नि.मा.वि. (गणित, विज्ञान), मा.वि. (गणित, विज्ञान, लेखा,कृषि,कम्प्युटर) र कक्षा ११/१२ को लागि अध्यापन अनुमति पत्र | ९ | दफा ९ को उपदफा (११) |

| | | | |
|---|---|---|---|
| | अनिवार्य हुने छैन । <br>तर नगर शिक्षकमा नियुक्त शिक्षकहरुले गोदावरी नगरपालिका शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ जारी भए पश्चात  अध्यापन अनुमति पत्रका लागि हुने पहिलो विज्ञापन भएको मितिले २ वर्षभित्र अध्यापन अनुमति पत्र लिइ सक्नुपर्नेछ । | | हटाइएको । |
| अनुसूची २ | (क) यो आर्थिक वर्षका लागि नगरपालिकाबाट कक्षा (१-८) सम्म सञ्चालित सामुदायिक विद्यालयहरुलाई तपसिल बमोजिमको प्राथमिकताका आधारमा कम्तिमा तीन जना शैक्षिक जनशक्तिको सुनिश्चितता गरिनेछ । | अनुसूची २ | अनुसूची-२ को खण्ड (क) को सट्टा "आधारभूत तह (कक्षा ६-८) मा तपसिल बमोजिमको प्राथमिकताका आधारमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ" भन्ने वाक्यांश राखिएको । |
| अनुसूची २ | (ख) कक्षा (९-१०) का लागि तपसिल बमोजिमको प्राथमिकता क्रम अनुसार व्यवस्था गरिनेछ । | अनुसूची २ | अनुसूची-२ को खण्ड (ख) को सट्टा "माध्यमिक तह (कक्षा ९-१०) मा तपसिल बमोजिमको प्राथमिकताका आधारमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ" भन्ने वाक्यांश राखिएको । |
| अनुसूची २ | (ग) कक्षा (११-१२) का लागि विद्यालयको आवश्यकता अनुसार | अनुसूची २ | अनुसूची-२ को खण्ड (ग) को सट्टा "कक्षा ११-१२ मा शिक्षक उपलब्धताका आधारमा शिक्षकको व्यवस्थापन गरिनेछ" भन्ने वाक्यांश राखिएको । |

<table>
<tr>
<td>अनुसूची ४</td>
<td>
अनुसूची-४<br>
बुंदा (६) को उपबुंदा (२०) संग सम्बन्धित करार सम्झौता-पत्रको नमूना :-<br><br>
गोदावरी नगरकार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकूद शाखा (यसपछि पहिलो पक्ष भनिएको) र ........................................ जिल्ला ................................नगरपालिका, वडा नं. ............ बस्ने श्री ........................................................ (यसपछि दोस्रो पक्ष भनिएको) का बीच गोदावरी नगरपालिकाको श्री ................................ विद्यालयमा माध्यमिक/आधारभूत तहको......................विषय शिक्षक पदमा शिक्षण गर्न मिति २०७..../.........../.......गतेको नगर शिक्षा समितिको निर्णय अनुसार देहायका कार्य शर्तका अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करारको सम्झौता गरी एक एक प्रति आपसमा बुझिलियौं, दियौं ।<br><br>
१. कामकाजको सम्बन्धमा : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय, स्थानमा उपस्थित भइ गर्नुपर्नेछ । आवश्यकता अनुसार थप काम पनि गर्नुपर्नेछ ।<br><br>
२. सेवा गर्नु पर्ने विद्यालय :........................................<br><br>
३. पारिश्रमिक : शाखाबाट विद्यालयलाई निकासा दिने व्यवस्था अनुसार विद्यालयको खातामा प्रचलित तलब स्केल......... (अक्षरमा..........) प्रदान गरिनेछ र विद्यालय प्रशासनले सो सुविधा उपलब्ध गराउनेछ ।<br><br>
४. करार अवधि : २०७..../......../ देखि लागु भइ २०७..../........../...........सम्म लागु हुनेछ ।<br><br>
५. विदा तथा आचरण : प्रचलित ऐन ,नियम, तथा कानुन अनुसार । बिरामी बिदा सञ्चित हुने छैन ।<br><br>
६. कार्य सम्पादान : नगर शिक्षा ऐन २०७५ को परिच्छेद ९, दफा १२ को उपदफा २ (१) अनुसार ।<br><br>
७. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य : दोसो पक्षले पहिलो पक्षलाई लगातार ७ दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा, अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वत: यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोस्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भइ वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बारम्बार उलंघन गरेमा दोस्रोपक्षसंगको सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।<br><br>
८. दाबी नपुग्ने : दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन ।<br><br>
९. प्रचलित कानुन लागू हुने : यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।<br>
शाखाको तर्फबाट (प्रथम पक्ष) साछि दोस्रो पक्ष (करार गर्ने व्यक्ति) हस्ताक्षर हस्ताक्षर हस्ताक्षर<br>
नाम...................... पद................. नाम............. पद.......... शाखा............ नाम......................<br>
पद..................... ईति सम्बत २०.....।........।..... गते रोज .............. शुभम
</td>
<td>अनुसूची ४</td>
<td>अनुसूची -४ मा "गोदावरी नगरपालिकाको कार्यालय,शिक्षा,युवा तथा खेलकूद शाखा"को सट्टा "विद्यालय" र "नगर शिक्षा समिति"को सट्टा "विद्यालय व्यवस्थापन समिति" राखिएको ।</td>
</tr>
<tr>
<td>अनुसूची ५</td>
<td>
अनुसूची-५<br>
बुंदा (६) को उपबुंदा २० संग सम्बन्धित नियुक्ति-पत्रको ढांचा<br>
गोदावरी नगरपालिका<br>
नगर कार्यपालिकाको कार्यालय<br>
अत्तरिया, कैलाली<br>
सुदूरपश्चिम प्रदेश<br>
शिक्षा युवा तथा खेलकूद शाखा<br><br>
च.नं. : मिति : २०..../....../.......<br>
प.सं. :<br><br>
विषय : करार नियुक्ति सम्बन्धमा ।<br><br>
श्री ..............................................,<br>
.............................................. ।<br><br>
तपाईलाई मिति २०७.../...../..... गतेको निर्णय अनुसार माध्यमिक/आधारभूत तहको ................ विषयको करार शिक्षक पदका लागि यसैसाथ संलग्न करार सम्झौता बमोजिम मिति ...../......./....... गते देखि लागु हुने गरी २०७ ...../....../.... सम्म करार नियुक्ति गरिएको छ । तपाईले आफ्नो काम व्यवसायिक मूल्य र आचरण अनुरुप गर्दै नगर शिक्षा ऐन तथा विद्यालयको मातहतमा रही गर्नुहोला ।<br><br>
शिक्षक पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई छ ।<br><br>
.........................<br>
प्रधानाध्यापक<br><br>
बोधार्थ :-<br>
श्री आर्थिक प्रशासन शाखा, गोदावरी न.पा. (सम्झौता बमोजिमको रकम उपलब्ध गराउनका लागि ।)<br>
श्री ................विद्यालय, .................. : हाजिरी गराई सोको जानकारी दिनु हुन ।<br>
श्री वडा कार्यालय, वडा नं........, : जानकारीका लागि ।
</td>
<td>अनुसूची ५</td>
<td>अनुसूची-५ मा "गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश शिक्षा युवा तथा खेलकूद शाखा" हटाइएको ।</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| अनुसूची ६ | **अनुसूची-६ बुंदा (६) को उपबुंदा (२२) संग सम्बन्धित शपथको व्यहोरा**<br>**शपथ**<br>म ..........................................विद्याथीलाई साक्षी राखी यो सपथ लिदैछु कि मैले आफूलाई तोकिएको जिम्मेवा[र] पेशागत, आचरण एवम्नैतिकता, विद्याथी सिकाई उपलब्धी अभिवद्धि, कक्षाकोठा व्यवस्थापन, बालमैत्री एवम् सिका[इ] मैत्री योजनाका साथ शिक्षण गर्दै नगर शिक्षा ऐन २०७५ तथा प्रचलित ऐन नियम र निर्देशनको अधिनमा र[ही] पेशागत मर्यादा र गोपनियता कायम गरी आफूमा निहित जिम्मेवारीको दुरुपयोग नगरी उच्च मनोवल र नैतिकताक साथ कार्य सम्पादन गर्नेछु ।<br>**सपथ ग्रहण गर्नेको**<br>सही :.........................<br>नाम,थर : .........................<br>पद : .........................<br>**सपथ गराउनेको**<br>सही : .........................<br>नाम,थर : .....................<br>पद .........................<br>मिति : ............................<br>**कार्यालयको छाप :**<br>**आज्ञा**<br>..................<br>**पमुख पशासकीय अधिक** | अनुसूची ६ | अनुसूची-६ मा "आज्ञाले" हटाइएको ।<br>अनुसूची-६ मा "प्रमुख प्रशासकीय अधिकृत"को सट्टा "प्रधानाध्यापक" राखिएको । |
| अनुसूची ७ | **अनुसूची-७**<br>**निजी शिक्षकलाई नगर शिक्षकको रुपमा नियुक्ति गर्दा लिइने आधारहरु**<br>(१) शिक्षक नियुक्तिका लागि वि.व्य.स.को निर्णय प्रतिलिपि<br>(२) शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि<br>(३) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि<br>(४) नेपाली नागरिताको प्रमाणपत्र प्रतिलिपि<br>(५) निजी शिक्षकको रुपमा नियुक्तिको प्रतिलिपि<br>(६) आ.व.२०७७/०७८ सम्म शिक्षक निरन्तरताका लागि दिइएको पत्रको प्रतिलिपि | अनुसूची ७ | अनुसूची-७ को खण्ड (६) को सट्टा "सेवा निरन्तरताको पत्र" राखिएको । |

| | | | |
|---|---|---|---|
| अनुसूची ८ | अनुसूची-८<br>नियुक्ति अभिलेखको ढांचा<br>श्री ........................................................<br>......................................................... ।<br>तपाईंको गोदावरी नगरपालिका शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम नगर शिक्षकक रुपमा अभिलेख कायम गरिएकोछ। प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्नु हुन जानकारी गराइन्छ।<br>..........................<br>प्रमुख प्रशासकीय अधिकृत | अनुसूची ८ | अनुसूची-८ को अन्तिममा "बोधार्थ" थप गरिएको । |
| | | | दफा ८(क) थप गरिएको । |
| | | | अनुसूची ११ थप गरिएको |
| | | | अनुसूची १२ थप गरिएको |

८ (क) नगर शिक्षक सम्बन्धी विशेष व्यवस्था

१) गोदावरी नगरपालिका अन्तर्गतका विद्यालयहरुमा नगर शिक्षकको रुपमा अनुदान प्राप्त शिक्षकहरुका लागि नगरपालिकाले यस कार्यविधि बमोजिम विशेष प्रक्रिया अपनाई आन्तरिक परीक्षा सञ्चालन गर्नेछ।

२) नगरपालिकाले सञ्चालन गर्ने परीक्षाको ढाँचा देहायबमोजिम हुनेछः

लिखित परीक्षाः ३० अंक
कक्षा अवलोकनः २५ अंक
अन्तर्वार्ताः २५ अंक
शिक्षण अनुभवः १५ अंक
शैक्षिक योग्यताः ५ अंक
जम्मा पूर्णाङ्कः १०० अंक
उत्तीर्णाङ्कः ४० अंक

३) परीक्षाका सम्पूर्ण चरणहरु पूरा गरेपछि नगरपालिकाले एकमुष्ट रुपमा परीक्षाको नतिजा प्रकाशन गर्नेछ।

४) लिखित परीक्षामा शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरुबाट देहाय बमोजिमका प्रश्नहरु सोधिनेछन्।

वस्तुगत प्रश्नः १० अंक
विषयगत प्रश्नः२० अंक

५) यसरी नगरपालिकाले सञ्चालन गर्ने परीक्षाको समयावधि १ घण्टा १५ मिनेटको हुनेछ।

गोदावरी नगरपालिका

६) शिक्षण अनुभव बाफतको अंक प्रदान गर्दा प्रतिवर्ष १ अंकका दरले अधिकतम १५ अंक दिइनेछ। १ वर्ष पूरा भएमात्र १ अंक गणना गरिनेछ।

७) शैक्षिक योग्यताको अंक निर्धारण गर्दा न्यूनतम शैक्षिक योग्यतामा प्रथम् \ विशिष्ट श्रेणी भएमा ३ अंक र द्वितीय श्रेणी भएमा २ अंक प्रदान गरिनेछ। माथिल्लो शैक्षिक योग्यता प्रथम \ विशिष्ट श्रेणी भएमा २ अंक र द्वितीय श्रेणीलाई १ अंक प्रदान गरिनेछ।

८) नगर शिक्षक सम्बन्धी विशेष व्यवस्था एक पटकका लागि मात्र हुनेछ । यस दफा बमोजिम कार्यरत शिक्षकहरुलाई परीक्षामा उम्मेदवार हुन उमेरको हद लाग्ने छैन।

९) यस दफा बमोजिम सञ्चालन गरिने परीक्षाका लागि नगरपालिकाले १५ दिनको समयावधि राखी दरखास्त आह्वान गर्नेछ।

१०) उम्मेदवारले दरखास्त साथ अनुसूची- ७ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ। कागजातहरु पेश नभएमा उम्मेदवारका लागि अयोग्य ठहरिएको मानिनेछ ।

११) दरखास्त फाराम अनुसूची-१२ बमोजिमको ढाँचामा हुनेछ।

१२) आन्तरिक परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिकाले देहाय बमोजिमको ५ सदस्यीय नगर शिक्षक परीक्षा व्यवस्थापन समिति गठन गर्नेछः

प्रमुख प्रशासकीय अधिकृतः अध्यक्ष

नगर शिक्षा समितिका सदस्यहरु मध्येबाट नगर शिक्षा समितिका अध्यक्षले तोकेको दुईजनाः सदस्य

शिक्षाप्रेमी तथा बुद्धिजिवीहरु मध्येबाट नगर शिक्षा समितिका अध्यक्षले मनोनीत गरेका एकजना -सदस्य

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः सदस्य सचिव

१३) नगर शिक्षक परीक्षा व्यवस्थापन समितिले प्राथमिक तहको लागि अन्तर्वार्ता समिति र कक्षा अवलोकन समितिको काम समेत गर्नेछ।

१४) निम्म माध्यमिक र माध्यमिक तहको लागि सम्बन्धित तह र विषयको एक जना विषय विशेषज्ञ सहित नगर शिक्षक परीक्षा व्यवस्थापन समितिले अन्तर्वार्ता समिति र कक्षा अवलोकन समितिको काम गर्नेछ।

१५) यस दफा बमोजिम आन्तरिक परीक्षा सम्बन्धी अन्य व्यवस्था नगर शिक्षक परीक्षा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१६) आन्तरिक परीक्षामा उत्तीर्ण शिक्षकहरुलाई नगर शिक्षक परीक्षा व्यवस्थापन समितिको सिफारिशमा कार्यरत विद्यालयले नगर शिक्षकको रुपमा अनुसूची-४ मा उल्लेखित व्यहोरा बमोजिम सम्झौता गरी नियुक्ति पत्र दिनु पर्नेछ। शिक्षकलाई दिइने नियुक्ति पत्रको ढाँचा अनुसूची-११ बमोजिम हुनेछ।

१७) नगर शिक्षकमा नियुक्त शिक्षकलाई नगरपालिककाले अनुसूची-८को ढाँचामा नियुक्ति अभिलेखीकरण पत्र दिनु पर्नेछ।

१८) आन्तरिक परीक्षाको नतिजा प्रकाशन पश्चात् नगर शिक्षकको रुपमा नियुक्ति पत्र नभई कुनै पनि शिक्षकले अनुसूची- ९ बमोजिम पारिश्रमिक पाउने छैनन्।

१९) आन्तरिक परीक्षाको नतिजा प्रकाशन पश्चात् कुनै कारणले नगर शिक्षकको पद रिक्त हुन गएमा विद्यालयले नगरपालिकाको अनुमति लिई नगर शिक्षक नियुक्तिका लागि विज्ञापन गर्नुपर्नेछ।

अनुसूची-११

(दफा ८(क) को उपदफा (१६) सँग सम्बन्धित)

……….. विद्यालय

गोदावरी, कैलाली

च.नं. मितिः

प.सं.

विषयः नगर शिक्षक नियुक्ति सम्बन्धमा।

श्री ……………..

……………………..।

गोदावरी नगरपालिकाको च.नं. ….मिति …. को पत्रानुसार तपाईंलाई नगर शिक्षक परीक्षा व्यवस्थापन समितिको सिफारिशमा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७८ (संशोधन सहित) को अनुसूची-४ को सम्झौता बमोजिम …तह …विषयको नगर शिक्षक पदमा नियुक्ति गरिएको छ। आफ्नो सेवाकालमा सदैव अनुशासन र इमान्दारिताको उच्च आदर्शले प्रेरित भएर शिक्षण पेशालाई मर्यादित बनाउन योगदान दिनु हुनेछ भन्ने विश्वाश राखिएको छ।

**नगर शिक्षक पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई छ।**

………..

प्रधानाध्यापक

बोधार्थः

गोदावरी नगरपालिका

अत्तरिया, कैलाली।

## अनुसूची — १२

(दफा ८(क) को उपदफा (११) सँग सम्बन्धित)

## गोदावरी नगर कार्यपालिकको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा

## अत्तरिया कैलाली

## सुदरपश्चिम प्रदेश, नेपाल

**दरखास्त फाराम**

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

**(क) व्यक्तिगत विवरण**

| | | | |
|---|---|---|---|
| नाम, थर | (देवनागरीमा) | | |
| | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| नागरिकता नंः | | जारी गर्ने जिल्ला : | जारी मिति : |
| विज्ञापन नं: | | आवेदन दिएको तह र विषय : | |

| | | | |
|---|---|---|---|
| स्थायी ठेगाना | क) जिल्ला : | ख) न.पा./गा.पा. | ग) वडा नंः |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) मोबाईल नं. : |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल : |
| बाबुको नाम, थर : | | आवेदकको जन्म मिति | |
| बाजेको नाम, थर : | | आवेदकको हालको उमेर : वर्ष महिना | |

**(ख) शैक्षिक योग्यता र तालिम**

| शैक्षिक योग्यता | विश्वविद्यालय/बोर्ड/तालिमदिनेसंस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| न्यूनतम शैक्षिक योग्यता | | | | | |
| माथिल्लो शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| विद्यालयको नाम | तह | विषय | अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |

(घ) अध्यापन अनुमति पत्र सम्बन्धी विवरण

तहः अनुमति पत्र नः जारी मितिः

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

| | | |
|---|---|---|
| कार्यालयले भर्नेः | | |
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत | |

| | मिति : | |
|---|---|---|

**गोदावरी नगर कार्यपालिकको कार्यालय**
**शिक्षा,युवा तथा खेलकुद शाखा**
**अत्तरिया कैलाली**
**सुदरपश्चिम प्रदेश, नेपाल**

**कार्यालय प्रयोजन**
रोल नं.

**प्रवेश पत्र**

क. नाम, थर: नेपालीमा: ______ अंग्रेजीमा: ______

ख. तह/विषय: ______ ग. विज्ञापन नं. ______

घ. पद: ______

ङ. परीक्षा केन्द्र: ______

च. उम्मेदवारको दस्तखत: ______

**कार्यालयले भर्ने:**

यस गोदावरी नगरपालिका, कैलालीबाट लिइने नगर शिक्षकको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुनेछ।

............ ............
रुजु गर्ने स्वीकृत गर्ने


**गोदावरी नगर कार्यपालिकको कार्यालय**
**शिक्षा,युवा तथा खेलकुद शाखा**
**अत्तरिया कैलाली**
**सुदरपश्चिम प्रदेश, नेपाल**

**कार्यालय प्रयोजन**
रोल नं.

**प्रवेश पत्र**

क. नाम, थर: नेपालीमा: ______ अंग्रेजीमा: ______

ख. तह/विषय: ______ ग. विज्ञापन नं. ______

घ. पद: ______

ङ. परीक्षा केन्द्र: ______

च. उम्मेदवारको दस्तखत: ______

**कार्यालयले भर्ने:**

यस गोदावरी नगरपालिका, कैलालीबाट लिइने नगर शिक्षकको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुनेछ।

............ ............
रुजु गर्ने स्वीकृत गर्ने


**आज्ञाले,**

हरिदत्त भट्ट